# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०७७ चैत्र ०५ गते , २०७७ साल

# भाग- २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**कर्मचारी  प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७७**

## बेथानचोक गाउँपालिका
## कर्मचारी  प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७७

प्रस्तावनाः

यस गाउँपालिका क्षेत्र भित्र कार्यान्वयन हुने योजनाहरुको लागि प्राविधिक कर्मचारीहरु योजनास्थलमै जानु पर्ने अवस्था भएकोले भौतिक पूर्वाधार शाखा अन्तगत कार्यरत प्राविधिक कर्मचारीहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न उक्त कार्यको वैज्ञानिक एवंम व्यवस्थित तरिकाले सुविधा प्रदान गर्न वाञ्छिनिय भएकोले बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को १०२ ले दिएको अधिकार प्रयोग गरी बेथानचोक गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेद — १

संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारीको फिल्ड सुविधा सम्बन्धि कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि बेथानचोक गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन टोलि" भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोलि सम्झनु पर्नेछ।

(ख) "कार्यालय" भन्नाले बेथानचोक गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "प्राविधिक कर्मचारी" भन्नाले यस गाउँपालिका वा अन्तर्गत कार्यरत नेपाल इन्जिनियरीङ्ग सेवाका प्राविधिक कर्मचारीलाइ सम्झनु पर्दछ ।

(घ) “योजना” भन्नाले गाउँपालिका भित्र संचालित निर्माण तथा पुर्ननिर्माण सम्बन्धि योजनाहरु सम्झनु पर्दछ ।

परिच्छेद —२

३. फिल्ड सुविधा :

(१) यस कार्यालय वा अन्तर्गत कार्यरत नेपाल इन्जिनियरिङ्ग सेवाका कर्मचारीहरुलाई कार्यालयले यस कार्याविधि बमोजिम फिल्ड सुविधा प्रदान गर्नेछ । प्राविधिक कर्मचारीहरुलाई आ.व २०७७०७८ देखि फिल्ड तथा प्रोत्साहन भत्ता सुविधा प्रदान गरिने छ ।

४.फिल्ड भ्रमण आदेश लिनुपर्नेः

(१) सव—इन्जिनियर, सर्भेक्षक, असिस्टेन्ट सव—इन्जिनियर, खा.प.स.टे, अमिनले फिल्ड गर्दा आदेश शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट लिखित वा मौखिक स्वीकृत गराएर मात्र फिल्ड जानुपर्छ ।

(२) शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट लिखित वा मौखिक स्वीकृत गराएर मात्र फिल्ड जानुपर्छ ।

(३) फिल्डमा खटिई जादा फिल्डमा गएको कर्मचारीले दैनिक हाजिरी किताबमा फिल्ड गएको कुरा जनाउनु पर्नेछ ।

५. प्राथमिकिकरण गर्नुपर्नेः

(१) यस कार्याविधि बमोजिम फिल्डमा खटिदा भौगोलिक रुपमा टाढा रहेका योजनाहरुलाई प्राथमिकिकरण गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम फिल्डमा खटिंदा प्राविधिक कर्मचारीहरुले कार्यविभाजन समेत गर्नु पर्नेछ ।

६. फिल्ड सुविधाः

क) गाउँ कार्यपालिकामा कार्यरत प्राविधिक सेवामा कार्यरत पूर्वाधार शाखासंग सम्बन्धित कर्मचारीले कार्यालयबाट बाहिर खटिई जानु पर्ने भएको हुदाँ देहाय बमोजिमको फिल्ड भत्ता दिईनेछः—

१) ईन्जिनियर अधिकृतस्तर मासिक रु.१५०००(अक्षरुपी नेपाली पन्ध्र हजार रुपैयाँ मात्र)

२) सब इन्जिनियर र सर्भेक्षक (सहायक पाँचौ) मासिक रु.१०,०००–(अक्षरुपी नेपाली दश हजार रुपैयाँ मात्र)

३) असिस्टेन्ट सब इन्जिनियर (सहायक चौथो) को हकमा प्रति महिना रु.८,०००–(अक्षरुपी नेपाली आठ हजार रुपैयाँ मात्र) फिल्ड भत्ता उपलब्ध गराइने छ । जसमा नियमअनुसार कर कट्टी गरिने छ । फिल्डमा खटिई जाने प्राविधिक कर्मचारी र गाउँपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीलाई आफ्नो वा कार्यालयको साधन प्रयोग गरी कार्यालय आउने जाने कर्मचारीलाई समेत मासिक १० लिटर ईन्धन सुविधा प्रदान गरिनेछ । भौगोलिक अवस्था तथा योजनाको विषयमा धेरै खटिनु पर्ने प्राविधिक कर्मचारीलाई आवश्यकता हेरी १५ लिटर सम्म ईन्धन सुविधा दिन सकिनेछ ।अन्य कर्मचारीको हकमा प्रमुख प्रशासकिय अधिकृतले कामको प्रकृति हेरी दोहोरो नपर्ने गरी मासिक (१०-१५ लिटर) सम्म ईन्धन उपलब्ध गराउन सक्नेछ ।

ग) माथी जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आन्तरिक आम्दानी लाई मध्यनजर गरी कार्यालयको काम, योजनासगं सम्बन्धित अन्य कर्मचारीलाई समेत गाउँपालिकाले वार्षिक रुपमा बढिमा २ महिनामा नबढ्ने गरी खाईपाई आएको तलब बराबर हुने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

७.दोहोरो भत्ता सम्बन्धि व्यवस्थाः

क) फिल्ड भत्ता वा प्रोत्साहन भत्ता पाउने कर्मचारीले दैनिक तथा भ्रमण भत्ता समेत दोहोरो सुविधा पाउने छैन । तर कार्यालयले अन्य कामकाजको लागि गाउँपालिका क्षेत्र भन्दा बाहिर खटाई पठाएको अवस्थामा दैनिक भ्रमण भत्ता लिन बाधा पर्ने छैन ।

८.कर्मचारी खाजा प्रोत्साहन सम्बन्धि व्यवस्था

क) बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी खाजा तथा नास्ताको लागि कार्यालय परिसर भन्दा बाहिर गई खाजा नास्ता खान जादा कार्यालय समयमा सेवाग्राहीलाई प्रदान गर्नु पर्ने सेवामा बाधा पुगी सेवा प्रवाहमा ढिलाई समेत हुन जाने देखिदा कार्यालय परिसरमा नै चिया खाजाको व्यवस्था गरिनेछ ।

ख) कार्यालयमा आउने जनप्रतिनिधि अतिथि समेतलाई सामान्यतया कार्यालयको क्यान्टिनबाट चिया खाजाको व्यवस्था गरिनेछ तर विशेष कारणवश स्थानीयबाह्य होटलबाट खाजा मगाउनु परेको वा जनप्रतिनिधिकर्मचारी बाहिर खटिई जादाँ खाजा,नास्ता खाएको विल पेश हुन आएमा सो को विल बमोजिमको भुक्तानी दिन सकिनेछ ।

ग) माथी जुनसुकै कुरा लेखिएको भएतापनि खाजा खाना वापतको दररेट गाउँकार्यापालिकाले प्रत्येक आ.व मा निर्धारण गरे बमोजिम हुनेछ ।

९. खर्च श्रोतः

क) गाउँसभाबाट विनियोजन हुने फिल्ड भत्ता शिर्षकबाट यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिने छ । अन्यथा गाउँसभाबाट रकम विनियोजित नभएको खण्डमा कन्टेन्जेन्सी बाट फिल्ड भत्ताको सुविधा पाउने प्राविधिक कर्माचारीलाई फिल्ड भत्ता उपलब्ध गराउन सकिनेछ ।

१०. सुविधा कम नहुने गरि निर्णय गर्न सक्ने :

(१) यस कार्यविधिले प्राविधिक कर्मचारीहरुका लागि निर्धारण गरेको सुविधा कर्मचारीको कार्यसम्पादन अनुसार कम गर्न बाधा पर्ने छैन ।

(२) गाउँपालिका क्षेत्र बाहेकका अन्य स्थानमा प्राविधिक कर्मचारीलाई भ्रमण आदेश दिई खटाउंदा प्रचलित नियमानुसार भ्रमण खर्च प्रदान गर्न बाधा पर्ने छैन ।

११. प्रचलित कानुन बमोजिम हुनेः

क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

१२. असुलउपर गरिने :

क) यस कार्यविधि विपरित बढी फिल्ड सुविधा उपभोग गरेको वा यस कार्याविधि बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

१३. बाधा अड्काउ फुकाउने अधिकारः

(१) यस कार्यविधिको कार्यान्वनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

परिच्छेद—३

१४. असलनियतले गरेका कामको बचाउ :

(१) यस कार्यविधि बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा गाउँपालिकाका कर्मचारी, प्राविधिक कर्मचारी, जनप्रतिनिधि वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कारबाही हुने छैन ।

१५. संशोधन :

यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

आज्ञाले

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत